email:-widd6.rupandehi@gmail.com
Phone:- 071-571201,570238
Website:- widdrupandehi.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

# जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय रुपन्देही

सिद्धार्थनगर, भैरहवा

मितिः-२०८२/०६/२६

## “निर्माण सम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका सम्पूर्ण सिंचाइ योजनाका जल उपभोक्ता समितिहरुलाई अनुरोध । ”

जल उपभोक्ता संस्थालाई संस्थागत वनाई आयोजनाहरुका काम पारदर्शीताका साथ दिगोरुपमा संचालन गराउन सिंचाइ नियमावली २०५६ ले जलउपभोक्ता सस्ंथाको नवीकरण सम्बन्धी तल उल्लेखित व्यवस्था गरेको हुँदा यस कार्यालय अन्तर्गत गठित ज.उ.संस्थाहरुलाई समयमा नै आ–आफ्नो संस्थाहरु नियमानुसार नविकरण गरी योजनालाई दिगो भरपर्दो बनाउन संस्थागत रुपमा व्यवस्थित हुन यो अनुरोध गरिएको छ।

**सिंचाइ नियमावली २०५६ (पहिलो संशोधन २०६०) ले गरेको व्यवस्था–**

**नियम ८ (क) नविकरणः–**

**उपनियम १ः-** यस नियमावली बमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ९० (नब्बे) दिन भित्र मान्यता प्राप्त दर्तावाल लेखा परीक्षक बाट लेखा परीक्षण गराई सो को प्रतिवेदन र वार्षिक प्रतिवेदन संकलन गरी सम्बन्धि सिंचाइ कार्यालयमा नविकरणको लागि दरखास्त दिनुपर्नेछ।

**उपनियम २ः-** कुनै कारणबाट उपनियम १ बमोजिमको म्याद भित्र दरखास्त दिन नसकेमा सो समेत खुलाई एक सय रुपैया (१००) विलम्ब शुल्क समेत संलग्न गरी थप ९० दिन भित्र नविकरणको लागी पेश गर्नुपर्नेछ।

**नियम ४**

**उपनियम ६ः–** नियम ८ को उपनियम १ र २ बमोजिमको म्याद भित्र नविकरण नभएका कार्य समिति स्वत विघटन भएको मानिने छ ।

**उपनियम ७ः–** यस नियम बमोजिम विघटन भएका कार्यसमितिहरुको नयाँ निर्वाचन नभए सम्म त्यस्ता सिंचाइ प्रणलीलाई ऐन र यस नियमावली बमोजिमको कुनै सुविधा उपलब्ध गराईने छैन।

..................

नि. डिभिजन प्रमुख

(भेषराज भुसाल)

नि.डिभिजन प्रमुख